THE MAD DOCTOR CHASES
Captain Kuro From Mars

- Nepali Version

Author:
Nick Broadhurst
Illustrator:
MD Hasib Uzerman

मंगल ग्रहबाट आएकी कप्तान कुरोले बौलाह डाक्टरलाई खेदिन

लेखक : नीक ब्रोडहर्स्ट चित्रकार : एम.डी.हसिब उजामन

मंगल ग्रहबाट आएकी कप्तान कुरोले बौलाह डाक्टरलाई खेदिन

लेखक : निक ब्रोडहर्स्ट

चित्रकार : एम.डी.हसिब उजामन

Copyright © 2019 All rights reserved.

License Notes Thank you for downloading this ebook.
This book remains the copyrighted property of the author, and may not be redistributed to others for commercial or non-commercial purposes. If you enjoyed this book, please encourage your friends to download their own copy from their favorite authorized retailer. Thank you for your support.

डाक्टर कर्टज्ब्रेन जोनको घर बाहिरको एउटा झाडीमा लुक्नुभयो ।

मैले जोनलाई सहयोग गर्नुपर्छ भन्ने कुरा उहाँलाई थाहा थीयो । जोनलाई सहयोग गर्न उहाँ केवल एउटै मात्र उपाय जान्नुहुन्थ्यो, जुन जोनको औषधि उपचार गर्नु थीयो ।

डाक्टर कर्टज्ब्रेनलाई यो कुरा मेडीकल स्कूलमा सिकाइएको थियो ।

कर्टजब्रेन मनोचिकित्सक हुनुहुन्थ्यो, र उहाँले बच्चाहरुलाई मस्तिष्क परिवर्तन गराउने लागू औषध दिनुभएको थियो ।

त्यसो गरेबापत लागू औषध कम्पनीहरुबाट उहाँले पैसा प्राप्त गर्नुहुन्थ्यो ।

उहाँलाई आफ्नो काम मनपर्थ्यो ।

तब उहाँ बच्चाहरुमा भएको त्यस्तो भयंकर कल्पनालाई

रोक्न सक्नुहुन्थ्यो ।

कर्टज्ब्रेनले उहाँलाई मन पर्ने लागू औषध लिनुभयो । उहाँसँग अरु पनि धेरै लागू औषधहरु थिए ।

जोनलाई यदि उहाँले उक्त लागू औषध दिन सक्नुभयो भने जोन निको हुनसक्छ ।

यहाँ मंगल ग्रहबाट आएको कुनै पनि बाघहरु र बिरालाहरु हुने छैनन् । डाक्टरले सहयोग गरेको अरु बच्चा जस्तै जोन पनि एउटा साधारण केटा हुनेछ भन्ने कुरा कर्टज्ब्रेनले सोंच्नुभयो ।

मैले केवल सही समयको पर्खाइमा बस्नुपर्छ भन्ने कुरा डाक्टर कर्टज्ब्रेन जान्नुहुन्थ्यो ।

जोनको बाबा आमा घरमा नभएको र जोनलाई लिन आउनका लागि फोन नगर्नुभएको बेलामा उहाँ जोन भएको ठाउँमा जान सक्नुहुन्थ्यो ।

कर्टज्ब्रेन मनोचिकित्सक हुनुभएको कारणले कानूनले पनि उहाँलाई त्यसो गर्न स्वीकृति दिँदथ्यो ।

कर्टजब्रेनलाई कानून मनपर्थ्यो ।
उहाँलाई लागू औषध कम्पनी मनपर्थ्यो र उहाँलाई अरुको मृत्यु मनपर्थ्यो ।

जस्मा उहाँ डुब्नुभएको थियो ।

जोन र उसको मूर्ख बुवा आइपुग्यो ।

कर्टज्ब्रे
नले साच्नुभएझैं जोन फेरि कल्पनामा थीयो । यो समय धेरै नराम्रो थियो, कर्टज्ब्रेन मंगल ग्रहबाट आएकी बिराली र बाघको छायाँ देख्न सक्नुहुन्थ्यो ।

उनीहरु यहाँ छैनन् र यो सब केवल जोनको नराम्रा कल्पनाबाट मात्र देखिएका हुन् भन्ने कुरा कर्टज्ब्रेनलाई थाहा थियो ।

कबर्टज्ब्रेनले जोनका छिटो उपचार गर्नुपर्छ जसले गर्दा जोन बेहेतर हुनसक्छ । जसले गर्दा कर्टज्ब्रेनको जीवन पहिला झैं सामान्य हुनसक्छ । उहाँ जोनका ती कल्पनात्मक साथीहरु लाई हेर्न मन पराउनु हुन्नथ्यो ।

कर्टज्ब्रेनले आफ्नो खल्तीमा लागू औषध हाल्नुभयो ।

उहाँले आफू लुक्नका लागि एउटा राम्रो ठाउँ पाउनुभयो ।

तर त्यहाँ जोनको कल्पनामा अरु पनि थिए ।

ती दुईजना काला पोशाक लगाएका सन्काह मानिसहरुले पनि जोनलाई झाडीमा पर्खिरहेका थिए ।

जोनको कल्पना निकै खराब हुँदै गइरहेको हुनुपर्छ । कर्टज्ब्रेन उत्सुक हुन आवश्यक छ । तर कर्टज्ब्रेन निकै प्रख्यात मनोचिकित्सक हुनुहुन्थ्यो र निकै चलाख हुनुहुन्थ्यो ।

जोनको कल्पनाबाट ती काला पोशाक लगाएका मानिसहरु लाई कसरी हटाउने भन्ने कुरा उहाँ जान्नुहुन्थ्यो ।

उहाँ चाल नपाउने गरी घस्रिँदै तिनीहरुको नजीक जानुभयो ।

कालो पोशाक लगाएको पहिलो मानिसले उहाँलाई देखेन ।

त्यसपछि उहाँ झाडीबाट तिनीहरु तर्फ दौडिनुभयो ।

र भन्नुभयो, "तिमीहरु जोनको कल्पनाको दुष्ट दानबहरु हौ । गईहाल !"

कर्टज्ब्रेनले ती दुबै मानिसहरुको घाँटीबाट औषधि घुसाउने कोसिस गर्नुभयो ।

तिनीहरु भागेर झाडीमा गई लुके ।

कर्टज्ब्रेन त्यतिकै हाँस्नुभयो ।

यो कुराले जोनलाई आफ्नो कल्पना अरु कसैले देख्ने ठाउँमा छोड्नु हुँदैन भन्ने कुरा सिकाउनेछ ।

जोनले झाडीहरु तिर देखाउँदै भन्यो, "के तिमीले ती झाडी देख्यौं ? ती हल्लिरहे का छन् ।"

कुरोले त्यतातिर हेरेर भनिन्, अहँ, उनले ती कुरा देखिनन् ।

राजकुमार खुरामले यो देख्यो र भन्यो, "म गएर हेर्छु ।"

मनोचिकित्सकले बाघको छायाँ आफूतिर आइरहेको देख्नुभयो ।

उहाँले आफूसँग भएको लागू औषध आफैं निल्नुभयो र त्यहीं उभिरहनुभयो ।

“तँ मलाई छुन सक्दैनस् । तँ एउटा कल्पना मात्र होस्, तँलाई रोक्न मसँग लागू औषध छ ! गइहाल !”

खुराम सकेसम्म जोडले घुच्यो ।

ऊ केवल एउटा छायाँ थीयो तर छायाँ वास्तविक थियो । कर्टज्ब्रेन डराउनुभयो र चिच्याउँदै त्यहाँबाट भाग्नुभयो । दौडिँदाखेरी पनि "उसको कल्पनाले मलाई दु:ख दिन सक्दैन !" भन्दै चिच्याउँदै हुनुहुन्थ्यो ।

काला पोशाक लगाएका दुई जना मानिसहरुले यो कुरा सडकको पारीपट्टीबाट हेरीरहेका थिए । तर उनीहरु खुरामको छायाँ देख्न सक्दैनथे ।

केवल राजकुमार खुरामले मात्र ऊ आफूलाई कसले देख्न सक्ने बन्ने भन्ने कुराको निर्णय गर्न सक्दथ्यो ।

ती दुई जना मानिसहरु एक आपसमा हेराहेर भए । उनीहरु दुवै जनाले भने, "ऊ बौलाह हो ।"

जोन र कप्तान कुरो भित्र गए ।

ती दई जना मानिसहरु बिस्तारै घर तिर बामे सर्दै आए ।



उनीहरु भ्यालबाट हेर्न गइरहेका थिए अचानक डाक्टर कर्टज्ब्रेन अचानक रुखबाट हाम फाल्नुभयो ।

“अहँ तिमीहरु यसो गर्न सक्दैनौ !” “जोन मेरो हो । उसमा भएको कल्पना हटाउनुपर्छ ।” भन्दै उहाँ चिच्याउनुभयो । उहाँले आफूसँग भएको लागू औषधको बोतल ती दुईजना मानिसहरु माथि फाल्नुभयो ।

काला पोशाक लगाएका दुई जना मानिसहरु आफ्नो कारतिर भागे । यो सबै कुरा जोनकी आमाले माथिल्लो पछाडिपट्टीको भ्यालबाट देख्नुभयो ।

त्यसपछि जोनकी आमाले भन्नुभयो, “कुरो, त्यो बौलाह डाक्टर फेरि बाहिर आएको छ । यसलाई हामी के गर्न सक्छौं ?”

हेनरीले अस्पतालमा फोन गर्नुभयो ।



हेनरी घर पछाडि जानुभएको बेलामा कप्तान कुरो घरभित्र नै बसिरहिन् ।

छनामा चढेर चिम्निबाट तल हेर्दै त्यहाँबाट लागू औषध तल फालिरहे को अवस्थामा खुरामले बौलाह डाक्टरलाई देख्यो ।

"यो तिम्रो बाघको लागि हो । गइहाल । यो लिउ !" कर्टज्ब्रेनले भन्नुभयो ।

राजकुमार खुराम छानामा कर्टज्ब्रेनको नजिक दगुर्दैगयो र घुऱ्यो ।

कर्टज्ब्रेन नालीमा झर्नुभयो !

THACHAK

उत्तिनै खेर अस्पतालबाट एम्बुलेन्स आएर कर्टजब्रेनलाई लग्यो ।

सबैजनाले एम्बुलेन्सलाई हेरीरहे ।

यो सबै जोनको कल्पना हो भन्दै कर्टजब्रेन चिच्याउनभयो ।

समाप्त



समाप्त